बनेपा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बनेपा, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

## श्री बनेपा नगरपालिकाको नियमन क्षेत्राधिकार भित्रका सम्पूर्ण सहकारी संस्थाहरुका हकमा जारी गरिएको निर्देशन

बनेपा नगरपालिकाको नियमन क्षेत्राधिकार भित्र रही सञ्चालन भएका सहकारी संस्थाहरुको समय समयमा भएको अनुमगन तथा स्थलगत निरीक्षण, सहकारी विभाग र नगरपालिकाबाट समय समयमा जारी भएका परिपत्र एवं निर्देशन, बनेपा नगरपालिका सहकारी ऐन, २०७५ ले गरेका कानूनी व्यवस्था समेतका आधारमा परेका उजुरी तथा गुनासोहरुको विश्लेषण गरी आवश्यक कारवाही अगाडी बढाउने सम्बन्धमा छलफल गर्न मिति २०८० साल चैत्र १८ गते बसेको बनेपा नगरपालिकाको सहकारी सहयोग तथा समन्वय समितिको बैठकबाट भएको निर्णय समेतका आधारमा बनेपा नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा १४ बमोजिम यो निर्देशन जारी गरिएको छ । यस नगरको नियमन क्षेत्राधिकार भित्र पर्ने सहकारी संस्थाहरुले प्रस्तुत निर्देशनको परिपालना गरी सहकारी संस्थामा देखिएका बेथिति अन्त्यका लागि आवश्यक प्रबन्ध मिलाउन हुन र सो बमोजिम नभएमा प्रचलित कानून बमोजिम आवश्यक कारवाही भई जाने व्यहोरा समेत जानकारी गराइन्छ ।

१. बनेपा नगरपालिका वा जिल्लाको विभिन्न स्थानीय तहभित्र मुख्य कार्यालय रहने गरी दर्ता भएका कतिपय सहकारी संस्थाहरु दर्ता हुँदाको बखत विनियममा उल्लेखित ठेगानामा सञ्चालन नभई नगरपालिकाको पूर्व स्वीकृति बेगर विनियममा तोकिएको ठेगाना भन्दा अन्यत्र नै संचालन भएको पाईएकोले तीन महिना भित्र विनियममा उल्लेख भएको स्थानमा कार्यालय स्थानान्तरण गरी नगरपालिकामा जानकारी गराउने ।

२. कार्यक्षेत्र बाहिरका सदस्यसँग गरेको कारोबार तीन महिना भित्र फरफारक गरी नियमन क्षेत्राधिकार भित्रका सदस्यहरुमा मात्र कारोबार गर्ने व्यवस्था मिलाउने ।

३. सहकारी संस्थाको सदस्यता स्वीकृत वा अस्वीकृत गर्ने जिम्मेवारी सम्बन्धित सहकारी संस्थाको सञ्चालक समितिको हुने भएकाले सोही बमोजिम कार्यक्षेत्रभित्र बसोबास गरेको कागजात संलग्न गररे मात्र सदस्यता स्वीकृत गर्ने व्यवस्था मिलाउने ।

४. शेयर सदस्यलाई साधारण र प्रमोटर भनि गरिएको विभेद तत्काल अन्त्य गर्ने ।

५. एक कित्ता शेयर खरिद गरी सदस्यता प्राप्त गर्न सक्ने कानूनी व्यवस्थाको उल्लङ्घन गरी शेयर खरिद र बचत जम्मा गर्नुपर्ने रकमको हद तोकी सदस्यता वितरणमा संकुचन गरिएको भएमा त्यस प्रकारको विभेद अन्यगरी एक कित्ता शेयर खरिद गरेको व्यक्तिलाई समेत सदस्यको मान्यता दिने र नाफामूलक कृत्रिम व्यक्तिलाई सदस्य बनाएको भएमा नाफामुलक कृत्रिम व्यक्तिको सदस्यता खारेज गर्ने व्यवस्था तीस दिनभित्र मिलाउने ।

६. साधारण सभाको सूचना साधारण सभाको मिति भन्दा तीस दिन अगाबै सदस्यहरुलाई दिने व्यवस्था मिलाउने ।

७. हरेक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिना भित्र वार्षिक साधारण सभा सम्पन्न गर्ने, सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्दा तीन सदस्य रहेको निर्वाचन उपसमिति गठन गरी उक्त उप समितिबाट निर्वाचनको सबै प्रक्रिया पुरा गर्ने व्यवस्था मिलाउने, साधारण सभामा सहकारी संस्थाका सम्पूर्ण सदस्यलाई सूचना पुगेको सुनिश्चिता गर्ने र सोको प्रमाण संलग्न राख्ने, साधारण सभाको निर्णय लिपिवद्ध गरी विनियम र प्रचलित कानूनले निर्धारण गरेको विधि र प्रक्रिया पुरा गरी प्रमाणित गरेर साधारण सभा सम्पन्न भएको मितिले पन्ध्र दिनभित्र निर्णयको प्रमाणित प्रतिलिपि सहितको प्रतिवेदन बनेपा नगरपालिकामा पेस गर्ने ।

८. एक सदस्य एक मतको अवधारणा बमोजिम साधारण सभाको उपस्थिति पुस्तिकामा सदस्य स्वयम् उपस्थित भई सहिछाप गर्ने व्यवस्था सुनिश्चित गर्ने ।

९. सञ्चालक समिति, ऋण लगानी उप समिति र लेखा सुपरिवेक्षण समितिमा रहेका सबै पदाधिकारीहरुको नाम, थर, स्थायी ठेगाना, मोवाईल नं. र फोटो सहितको तीनपुस्ते विवरण संस्थाको कार्यालयमा सबैले देख्ने स्थानमा तीस दिन भित्र राख्ने र नगरपालिकाले मागेको अवस्थामा त्यस्तो विवरण बुझाउने ।

१०. लेखा परीक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्बन्धी प्रस्ताव साधारण सभामा पेस गरी एकजना मुख्य र कम्तिमा दुई जना बैकल्पीक लेखापरीक्षक नियूक्ति गर्ने ।

११. बनेपा नगरपालिका सहकारी ऐन, २०७५ को दफा ३० (१) बमोजिम सञ्चालक समितिको पदमा लगातार दुई कार्यकाल भन्दा बढि एउटै व्यक्ति निर्वाचित हुन नसक्ने व्यवस्था भएकोले त्यस्ता व्यक्तिले तत्काल राजिनामा गरी आगामी साधारण सभामा वा विशेष साधारण सभा मार्फत रिक्त पदपूर्ति गर्ने ।

१२. सञ्चालक समितिको बैठक नियमित तालिका बनाई बस्ने, सञ्चालक समितिको बैठकमा समग्र संस्थाको गतिविधि तथा अवस्थाको विश्लेषण गरी निर्णय गर्ने, निर्णय कार्यान्वयन भए नभएको अगामी बैठकमा समीक्षा गर्ने र निर्णयमा उपस्थित सम्पूर्ण सदस्यहरुले हस्ताक्षर गर्ने ।

१३. रु. दुईकरोड भन्दा बढी वासलात भएका संस्थामा सञ्चालक समितिका पदाधिकारी संस्थाको कर्मचारी भई कार्य गरेको पाईएकोले यो सुचना प्रकाशित मितिले तीस दिन भित्र एउटा पदबाट राजिनामा गर्ने ।

१४. एउटै सहकारी संस्थामा सञ्चालक र कर्मचारी एकाघर परिवारका भएको पाईएकोले पन्ध्र दिनभित्र त्यस्तो पदबाट राजिनमा गर्ने ।

१५. लेखा सुपरिवेक्षण समितिको संयोजक पदमा निर्वाचित हुन कानूनले तोकेको योग्यता नभएका व्यक्तिहरुले तत्काल पदबाट राजिनामा गरी रिक्त पद आगामी साधारण सभाबाट पदपुर्ति गर्ने ।

१६. सहकारी विभागबाट जारी सन्दर्भ ब्याजदरको पूर्ण पालना गर्ने (ऋणको अधिकतम ब्याजदर १६ प्रतिशत) व्यवस्था मिलाउने ।

१७. सञ्चालक र अन्य सदस्यलाई ब्याजदरमा विभेद गरेको पाईएकोले तत्काल सो कार्य बन्द गर्ने ।

१८. केहि संस्थाले ब्याजदर भन्दा हर्जना दर बढि (२४ प्रतिशत) सम्म असुल गरेको पाईएकोले त्यस्तो कार्य तत्काल बन्द गर्ने ।

१९. बचत तथा ऋणकोमात्र कारोबार गर्ने संस्थाले कुल बचतको बीस प्रतिशत आवधिक बचत, तीस प्रतिशत ऐच्छिक बचत, चालीस प्रतिशत मासिक अनिवार्य बचत र दश प्रतिशत अन्य बचतको स्वरुप निर्धारण गरी सोको कार्ययोजना दुई महिना भित्र नगरपालिकामा पेस गर्ने ।

२०. एउटै व्यक्तिले संस्थाको कुल पूँजीको बीस प्रतिशत भन्दा बढि शेयर खरिद गरेको पाईएकोले २०८१ साल असार मसान्तको हिसावको आधारमा बीस प्रतिशत भन्दा बढिको रकम २०८१ श्रावण मसान्तभित्र सम्बन्धित सदस्यलाई फिर्ता गर्ने । शेयर आंशिक वा पुरै फिर्ता गर्दा आर्थिक वर्षको अन्त्यको हिसाबको आधारमा नाफा भएमा लाभ सहित र नोक्सान भएमा व्यहोर्नुपर्ने नोक्सानिको हिस्सा कटाएर मात्र फिर्ता गर्ने । शेयर सदस्यलाई अनिवार्य शेयर प्रमाणपत्र उपलब्ध गराउने ।

२१. लाभांश कोषमा भएको रकम भन्दा बढि, नभएको खर्च उल्लेख गरी, संस्था घाटामा हुँदा पनि संरक्षित पुंजी फिर्ताकोष बाट लाभांश वितरण गरेको, प्रमोटर भनेर बढि लाभांश वितरण गरेको, शेयर रकमको आधारमा लाभांश दर फरक गरेको पाईएकोले संस्थाको विनियम बमोजिम कोष बाँडफाँड गरेर लाभांश

कोषमा भएको रकम मात्र लाभांश वितरण गर्ने र अन्य कोषहरुको उद्धेश्य बमोजिम मात्र कोषको रकम खर्च गर्ने ।

२२. सदस्यले संस्थासँग गरेको कारोबारको आधारमा पुगेको योगदानको हिसाबका आधारमा मात्र सदस्यलाई संरक्षित पूँजी फिर्ताकोषबाट रकम उपलब्ध गराउने ।

२३. हरेक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र वार्षिक लेखा परीक्षण सम्पन्न गर्ने । सम्पन्न लेखा परीक्षण प्रतिवेदन संस्थाको वार्षिक साधारण सभामा छलफल गरी पारित प्रतिवेदन र लङ्गफर्म प्रतिवेदन समेत साधारण सभा सम्पन्न भएको मितिले पन्ध्र दिनभित्र बनेपा नगरपालिकामा पेस गर्ने ।

२४. एउटै लेखापरीक्षकलाई लगातार तीन पटक भन्दा बढि लेखा परीक्षण नगराउने । नियुक्ति गरिएको लेखा परीक्षकको सम्पूर्ण पेशागत र व्यक्तिगत विवरण साधारण सभा सम्पन्न भएको मितिले पन्ध्र दिनभित्र नगरपालिकामा पेस गर्ने ।

२५. ऋण लगानी गर्दा सदस्यको **6C** विश्लेषण गरी ऋण सम्बन्धी आवश्यक सूचना लिएर मात्र लगानी गर्ने ।

२६. संस्थाको कुल पूँजिकोषको दश प्रतिशत भन्दा बढि ऋण लगानी एउटै सदस्यलाई नगर्ने र गरेको भए आगामी २०८१ असोज मसान्त भित्र सिमा भन्दा बढी ऋण असुल गर्ने ।

२७. सदस्यको घर जग्गा संस्थाका कर्मचारी र सञ्चालकको नाममा पास गरी चर्को व्याजमा ऋण लगानी गरेको पाईएकोले धितोको संस्थागत मुल्याङ्कनकर्ताबाट मुल्याङ्ककन गरी सम्बन्धित संस्थाको नाममा रोक्का राखेर ऋण लगानि गर्ने । बिना धितो गरिएको लगानी आगामि तीन महिनाभित्र धितो सुरक्षण लिई लगानी सुरक्षित गर्ने ।

२८. एउटै व्यवसायिक परियोजनामा विभिन्न व्यक्तिको नाममा ठुलो रकम ऋण लगानी गरेको पाईएकोले एउटै परियोजनामा गरिएको त्यस्तो ऋणलाई २०८१ असोज मसान्तभित्र एकल कर्जा सिमाभित्र कायम गर्ने ।

२९. ऋण उप समितिबाट सिफारीस गरी सञ्चालक समितिको निर्णयबाट मात्र ऋण लगानी गर्ने ।

३०. सहकारी संस्थामा कर्मचारी नियुक्ती गर्दा सञ्चालक समितिको निर्णय सहित पारदर्शी र प्रतिस्पर्धात्मक विधि अवलम्बन गरी नियुक्तिपत्र र कार्यविवरण दिई श्रम सम्झौता गरेर मात्र काममा लगाउने ।

३१. संस्थामा कार्यरत कर्मचारीहरुलाई नेपाल सरकारले तोकेको न्युनतम् पारिश्रमिकको व्यवस्था गर्ने र सामाजिक सुरक्षा कोषमा सहभागी हुने व्यवस्था मिलाउने ।

३२. संस्थाको नगद तथा भौतिक सम्पत्तिको सुरक्षाको लागि बिमा गर्ने, भल्ट व्यवस्थापन गर्ने तथा आवश्यक सुरक्षा गार्ड वा उपकरणको व्यवस्था गर्ने ।

३३. सम्पत्ती शुद्धिकरण कार्यविधि लागू गरी जोखिमको वर्गिकरण गरी सम्बन्धित निकायमा अनिवार्य रिर्पोटिङ गर्ने

३४. **COPOMIS** मा आवद्ध भएका सहकारी संस्थाहरुले सम्पूर्ण विवरण प्रविष्टी गर्ने र आवद्ध नभएका संस्थाहरुले तत्काल आवद्ध भई विवरण प्रविष्टि गर्ने ।

**<u>बोधार्थ</u>**

श्री संस्कृती, पर्यटन तथा सहकारी मन्त्रालय बगमती प्रदेश मकवानपुर हेटौडा ।

श्री सहकारी विभाग, नयाँ बानेश्वर काठमाण्डौ ।

श्री नेपाल चाटर्ड एकाउन्टेन्ट संस्था सातदोबाटो ललितपुर ।